स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दक्षिण भारतीय सुपरस्टार थलापति विजय चाँडै अभिनय छाडेर पूर्णकालिन राजनीतिमा आउँदैछन् । उनले करिब तीन महिनाअघि 'तमिझागा वेत्री कझगम' नामको पार्टी समेत घोषणा गरिसकेका छन् । सन् २०२६ मा हुने विधान सभामा उनले चुनाव लड्ने चर्चा छ । तर, योभन्दा अगाडि उनी दुईटा फिल्म 'द ग्रेटेस्ट अफ अल टाइम' र 'थलापति ६९' (वर्किङ टाइटल)मा देखिने तयारीमा छ ।


**आजको विचार...**



मणि शर्मा

**बेरोजगारी...**
*(दुई पेजमा)*

गायन रियालिटी शो 'भ्वाइस अफ नेपाल ४'को सेमिफाइनलबाट बाहिरिएका भुटानी मुलका गायक रिहान गिरी अब फिल्मको हिरो बन्ने भएका छन् । उनले फिल्म "होस्टेल"को तेस्रो श्रृंखलाबाट अभिनय करिअर सुरु गर्न लागेका हुन् । यसअघि निर्देशक दीवाकर भ राईको फिल्म 'मायावी'बाट उनले डेब्यु गर्ने निश्चित भएको थियो । तर, भिसाको समस्याले गर्दा उनले यो फिल्म छाड्नु पर्‍यो । रिहानलाई फिल्मको प्रमुख पात्रमध्ये एक सशक्त भूमिकामा अनुबन्ध गरिएको निर्देशक सशान कँडेलले बताए ।



❒ वर्ष २९ ❒ अंक ३०६ ❒ २०८१ जेठ २३ गते बुधबार 5 June 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# हाते ट्र्याक्टर छोडेर गोरु पाल्दै किसान

**रासस**

**गलकोट (बागलुङ),** जेठ २२/ संघियता पछि स्थानीय सरकारले कृषि आधुनिकीकरणका नाममा धमाधम हाते ट्र्याक्टर (मिनिटिलर) अनुदानमा वितरण गरे । गोरु पालनले दिक्क भएका किसानले राहत महसुस गर्दै हाते ट्र्याक्टरले खेतबारी जोत्न थाले ।

आधुनिक उपकरणाको सहायताले खेतबारी जोत्दा सहज भयो, सस्तो पनि पर्‍यो, तर विस्तारै उत्पादनमा भने ह्रास आउन थाल्यो । बागलुङ जिल्लाको गलकोट नगरपालिका-४ चमुवा फाँटमा हाते ट्र्याक्टरले धान रोप्न छोडेको दुई वर्ष भइसक्यो । गोरु पाल्न छोडेका किसानले पछिल्लो समय गोरुको महत्व बुझेर पाल्न थालेको स्थानीय रतनबहादुर सुनारले बताए । चमुवा फाँटमा अहिले पाँच हलगोरु रोपाइँमा प्रयोग भइरहेका छन् ।

'हाते ट्र्याक्टरले जोत्दा माथिमाथि मात्रै जोत्दो रहेछ, गहिरो नजोत्दा उत्पादनमा समस्या भयो, गहुँ र मकै ढल्ने समस्या देखियो । हेर्दा छरितो भए पनि दीर्घकालीन रुपमा गोरुले जोत्दा खेतीयोग्य जमिनलाई राम्रो हुने हामीले महसुस गर्‍यौं', सुनारले भने, 'चमुवामा हाते ट्र्याक्टर नआउँदा १० हलगोरु थिए, हाते ट्र्याक्टर आएपछि धेरैले गोरु बिक्री गरे । पछि गोरुले जोत्दा बाली राम्रो भयो, हाते ट्र्याक्टरमा हाल्ने पेट्रोलको भाउ समेत दोब्बर भयो,



त्यसैले गोरुले जोत्न थालियो ।' चमुवामा छ दिनको मेलो रोपाइँको तयारी गरेका शेरबहादुर न्यौपानेले गोरुकै सहायताले खेतमा धान रोप्न लागेको बताए ।

पेट्रोलको मूल्य दोब्बर हुनु र उपकरण बिग्रिरहने समस्याले किसानहरु हाते ट्र्याक्टर छोडेर पुन: गोरु पाल्न थालेको बताउँछन् । गोरु लोप हुन थालेपछि पछिल्लो एक वर्षयता बागलुङको जैमिनी नगरपालिका र बागलुङ नगरपालिकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन समेत गर्न थालेका छन् । एक हल गोरु पाल्ने किसानलाई रु १० हजारका दरले अनुदान दिन लागिएको जैमिनी नगरपालिकाका नगर उपप्रमुख हरिहर शर्माले बताए । बागलुङ नगरपालिकाले गोरु किसानलाई प्रोत्साहन गर्न रु चार लाख बजेट विनियोजन गरेको नगरपालिकाका नगरउपप्रमुख राजु खड्काले बताए । कृषिमा आधुनिकीकरणका कारण गोरु लोप हुनथालेपछि गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्दा गोरुको महत्व बढेको छ । थ्रेसर मेसिन र ट्र्याक्टरले उत्पादन लागत घटाउने भए पनि पेट्रोलको मूल्य बढेपछि हाते ट्र्याक्टरको प्रयोग बिस्तारै घट्न थालेको छ ।

## संक्षिप्त समाचार


### भारतमा बाढीका कारण १८ को मृत्यु

**(रासस/सिन्ह्वा)**

**नयाँदिल्ली,** जेठ २२/भारतको उत्तरपूर्वी राज्य आसममा आएको बाढीका कारण १८ जनाको मृत्यु हुनुका साथै छ लाख भन्दा बढी मानिसहरू प्रभावित भएको मंगलबार अधिकारीहरूले बताएका छन् ।

बाढीले दश जिल्लाहरू होजाई, करिमगञ्ज, मोरिगाँव, नगांव, दिमा-हसाओ, कछार, डिब्रुगढ, हैलाकान्डी, गोलाघाट र कार्बी आङ्लोङ पश्चिममा असर पारेको छ भने स्थिति गम्भीर छ । आसममा दश जिल्लाहरूमा छ लाख २५ हजार तीन सय १८ जना मानिसहरु बाढीबाट प्रवावित भएको एक अधिकारीले जनाएका छन् । विगत २४ घण्टामा चार जनाको ज्यान गए सँगै बाढीबाट मृत्यु हुनेका संख्या १८ पुगेको हो । यसै गरी कछार जिल्लामा चार जना बेपत्ता भएको जनाईएको छ । अधिकारीहरूले हाल ५ सय ७७ गाउँहरू डुबानमा परेको जनाउदै प्रभावित जिल्लाहरूमा करिब छ हजार २३ हेक्टर बाली क्षेत्र क्षतिग्रस्त भएको उल्लेख गरेका छन् । आसम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडीएमए) का अनुसार स्थानीय सरकारले प्रभावित क्षेत्रमा १ सय ९१ राहत शिविर तथा १ सय ८ वितरण केन्द्र खोलेको छ । प्रभावित क्षेत्रमा रेल ट्र्याकमा क्षति पुगेको कारण केही रेलसेवाहरू पनि रद्द गरिएको अधिकारीहरूले बताएका छन् ।

## दैलेख केन्द्रबिन्दु भएर ४.१ म्याग्निच्युडको भूकम्प



**दैलेख,** जेठ २२/दैलेख केन्द्रबिन्दु भएर मंगलबार बिहान ४.१ म्याग्निच्युडको भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार मंगलबार बिहान १०:३४ मा भूकम्प गएको हो । सोमबार राति पनि लमजुङ जिल्लाको ताँजेगाउँ केन्द्रबिन्दु भएर सोमबार राति ३.७ म्याग्निच्युडको भूकम्प गएको थियो । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार सोमबार साँझ ८ बजेर ३८ मिनेटमा भूकम्प महसुस गरिएको थियो ।

## आज विश्व वातावरण दिवस

**सीमा भट्टराई**

**पाल्पा,** जेठ २२/आज विश्व वातावरण दिवस । 'भूमि पुनर्स्थापना, मरुभूमिकरण र खडेरी विरुद्ध लड्न लचिलो समुदाय' भन्ने राष्ट्रिय नाराका साथ विभिन्न कार्यक्रमको आयोजना गरी विश्व वातावरण दिवस मनाईँदैछ । संयुक्त राष्ट्रसंघको महासभाले हरेक वर्ष जुन ५ मा वातावरण दिवस मनाउने घोषणा गरेअनुरुप नेपालमा पनि यो दिवस मनाउन लागिएको हो ।

मानव जीवनकालागि स्वच्छ र हरियाली वातावरणको महत्वलाई उजागर गर्न संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९७३ बाट विश्वव्यापी रुपमा वातावरण दिवस मनाउन थालिएको हो । वातारणको संरक्षण र सम्बर्द्धन सम्बन्धी विभिन्न चेतनामुलक कार्यक्रम गरी विश्वभर मनाईदैछ । बढ्दो वन विनासले निम्त्याएको वातावरणीय समस्या समाधान तथा पृथ्वीको तापमान वृद्धिलाई



ध्यानमा राख्दै वातावरण संरक्षणमा नै सिंगो मानव जातीको हित हुने कुरामा दिवसले जोड दिएको छ । दिवसका अवसरमा वायुमण्डललाई हानी पर्‍याउने कार्बन ग्यासको बढ्दो उत्पादन घटाउने, वृक्षारोपण गर्ने, हरितगृह प्रभाव कम गर्ने, वैकल्पिक ऊर्जाकालागि सौर्य उर्जाको प्रयोग बढाउने लगायतका काममा सबैलाई जुट्न विज्ञहरुले आग्रह गरेका छन् । संयुक्त राष्ट्रसंघले सन् २०२१ देखि २०३० सम्मको दशकलाई परिस्थितिकीय प्रणालीको पुन:स्थापनाको दशकको रुपमा मनाउने आह्वान गरेको छ । सोही अनुरुप नै नेपालमा पनि यो दिवस मनाइँदै आएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## सरकार निराशाको विन्दुमा

एमाले, माओवादीको गठजोर वर्तमान सरकारले आफुलाई दिन प्रतिदिन समस्या उत्पन्न गराईरहेको देखिन्छ । सरकारका गृहमन्त्री र अर्थमन्त्री दुवै गठवन्धन सरकारका प्रभावशाली रवि लामिछाने र अर्थमन्त्री बर्षमान पुनका गैर जिम्मेवार कार्यले गर्दा वर्तमान सरकार नै संकटमा पर्ने अवस्था अधिक देखिएका हुन । अहिले रा.स्व.पा.का अध्यक्ष एवं गृहमन्त्री रवि लामिछाने र लामिछाने यो भन्दा पहिला संलग्न भएका केही मिडिया कम्पनी स्थापनाका लागि सहकारीबाट लिएको ऋण आफैमा गैरकानूनी कार्य भएका कारण उनीमाथि कार्यवाहीको तरवाल ताकिएको अवस्थामा रहेको देखिन्छ । रवि लामिछाने पदमुक्त हुना साथ वर्तमान सरकारलाई पर्ने राजनैतिक ध्रुविकरणले नयाँ मोड लिने अवस्था देखिन्छ ।

नेपाली काँग्रेस आफैमा अत्यान्तै गम्भीरताका साथ प्रतिपक्षको भूमिका निभाई रहेको वर्तमान अवस्थालाई देश र जनताका पक्षमा सधै उभ्याई राख्न सक्छ या सक्दैन सर्वत्र चिन्ताको बिषय बनेको छ । सरकारको नीति र कार्यक्रम पछिको बजेट झारा टार्ने र आर्थिक अपारदर्शिताको प्रतिविम्व भएका कारण पनि सत्ता घटकको सबै भन्दा ठुलोदल एमालेका अध्यक्ष केपीशर्मा ओली असन्तुष्ट देखिएका हुन । यस्तो अवस्था बिकास हुनु नै वर्तमान सत्ता साझेदारहरु बीच मनमालिन्यताको वातावरणले आकार वढाई रहेको हो कि भन्ने संकेत सलवलाई रहेका छन् ।

देशले मुहार फेर्छ भन्दै आशामा वसेका जनताले दुःख र कष्ट वाहेक केही पनि पाउँन सकेका छैनन् । बिकासका नाममा अनियमितताका पर्खालहरुमा खाँडल परेका छन् । खाली सरकार फेर्ने र आफ्नो दुनो सोझ्नो पार्ने वाहेक केही पनि भएका छैनन् । सरकार अलमलमा छ । सांसदहरु दौरासुलवारको चटकिमै भुलेका छन् । मित्र र शक्तिशाली छिमेकी मुलुकहरु नेपालमा अस्थिरताको वीजारोपण भएको देख्न र सुन्न चाहि रहेका छन् । त्यस कारण अव यो सरकार पछि अर्को सरकार, सरकारै सरकार र सरोकार राख्नेहरुको खडेरी परेका कारण देश संकटको दिशा तर्फ जादै छ । सरकार फेरेर मात्र भएर भएन, प्रवृति पनि फेरीनुपर्ने भयो भन्ने तर्फ कसैको ध्यान जान सकेको छैन । त्यस कारण पनि, सरकार निराशाको विन्दुमा पुगेको हो कि भन्ने आसयलाई सबैले मनन गुर्नपर्ने अवस्था छ ।

## Opinion @ Social Network

असफल मानिसहरुसँग बस्ने गर्नुहोस्,
उनिहरुसँग अहंकार होइन अनुभव हुन्छ ।
*(अपेक्षा पुलामीको फेसबुकस्टाटस https://www.facebook.com/pulami.983257)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बेरोजगारी समस्याको समाधान प्राचीन गुरुकुलीय शिक्षा पद्धति



मणि शर्मा

बुटवलबाट घरतर्फ आइरहेको थिएँ । मेरो सिटको छेउमा एकजना नवयुवा आएर बसे, नाम मनोज शर्मा, घर खजुरा, उमेर २२, भैरहवामा आफ्नो ठूलीआमाको छोराको क्याफेमा कफी बनाउने काम गर्ने रहेछन्, पढाइ १२ पास, पाँच वर्ष अगाडि पिताको मृत्यु, ९ मा पढ्ने सानो भाइ र आमा ।

किन अगाडि पढेनौं भनेर सोध्दा उनले नेपालमा पढेर के गर्ने, यहाँ जागिर पाइँदैन, सोर्सफोर्स पनि छैन भने । अब के गर्छौ ? उनले भने डेनमार्क वा माल्टा गएर क्याफेमा काम गर्ने जागिरको कोसिस गरिरहेको छु, यहाँ न कुनै उद्योगधन्दा छ न त व्यापार नै, जागिरको त कुरै भएन । मनोज शर्मा जस्ता आजको नव युवाहरूको चिन्तन यही छ विदेश गएर कमाउने किनकि नेपालमा कुनै रोजगारीको अवसर छैन । राज्य पनि चाहन्छ नेपाली युवाहरू विदेशिऊन् । गणतन्त्रको मुख्य उद्देश्य नै यही हो । युवा बेरोजगार हुनुमा यहाँको म्याकेले शिक्षा पद्धति हो ।

यो शिक्षा पद्धति भित्र्याउनमा गणतन्त्रवादीहरू मात्र दोषी छैनन् दोषी राजा महेन्द्र र वीरेन्द्र पनि थिए तर यसलाई झन विकृत पारेर स्कुललाई यशुकुल बनाउने यो गणतन्त्र नै हो । गुरुकुलीय शिक्षा पद्धतिलाई समाप्त पारी यशुकुलीय शिक्षा पद्धति लागू गर्नु नै बेरोजगारीको मुख्य कारण हो । नेपालमा अंग्रेजी शिक्षा भित्र्याउने पहिलो व्यक्ति हुन् जंगबहादुर राणा । उनले सन् १८५३ मा अंग्रेजी पढाइ हुने दरबार हाइस्कुल खोले जुन गुरुकुलीय पद्धतिको चिहान खन्ने पहिलो प्रयास थियो । आधुनिक नेपालमा खोलिएको नेपालको पहिलो संस्कृत पाठशाला महोत्तरीको मटिहानीमा विसं १७७५ सालमा खोलिएको थियो ।

नेपाल प्रायः धेरैजसो ऋषिमुनिको जन्म र कर्मस्थल भएको हामी पाउँछौं । त्यो प्राचीन समयमा यहाँ गुरुकुलीय पद्धतिबाट निःशुल्क आवाशीय शिक्षा चारै वर्णका शिष्यहरूलाई गुरुहरूबाट दिइन्थ्यो । गुरुकुल अर्थात् गुरुको परिवार । शिष्यहरू ८ देखि १० वर्षको उमेरमा गुरुको आश्रममा शिक्षा आर्जन गर्न जान्थे र २५ वर्षको उमेरसम्म त्यहाँ ब्रह्मचर्य पालन गर्दै शिक्षा ग्रहण गर्दथे । गुरु र शिष्यहरूमा पिता र पुत्रपुत्रीको सम्बन्ध हुन्थ्यो । शिक्षा आर्जनका लागि अहिलेको जस्तो शुल्क तिर्नु पर्दैन्थ्यो तर गुरु आश्रममै बसेर शिक्षा ग्रहण गर्नुपर्ने भएकोले आवासीय शिक्षा पद्धति थियो । गुरु र शिष्य एउटै परिवार मानिन्थे ।

शिष्यहरू राजपरिवारका हुन् वा सर्वसाधारण परिवारकाले भिक्षाटन गरेर संग्रह गरेको अन्न, वनबाट ल्याएको दाउरा, तरकारी खेती गरेर, आश्रममा भएका गौमाताहरूको सेवा गरेर भोजनको प्रबन्ध गर्थे । राजा र सम्पन्न व्यक्तिहरूले गुरुकुलहरूलाई आर्थिक सहयोग गर्थे तर गुरुकुलहरू राज्यको नियन्त्रणभन्दा बाहिर हुन्थ्यो । शिक्षा समाप्तिपछि हुनेले आफ्नो क्षमता अनुसार गुरु दक्षिणा दिनुपर्थ्यो र नहुनेले पर्दैन्थ्यो ।

एकपटक वरतन्तु ऋषिको आश्रममा शिक्षा ग्रहण गर्ने गरिब शिष्य कौत्सले शिक्षा समाप्तिपछि गुरु दक्षिणा दिन चाहे तर उनी गरिब भएकोले वरतन्तुले गुरु दक्षिणा लिन मानेनन् । बारम्बार उनले गुरुलाई गुरु दक्षिणा माग्न जिद्दी गरेपछि ऋषि रिसाएर १५ वर्षसम्म अध्ययन गरेबापत वार्षिक एक कोटी स्वर्ण मुद्राले १५ कोटी स्वर्ण मुद्रा माग गरे । गरिब विद्यार्थी कहाँबाट १५ कोटी स्वर्ण मुद्रा ल्याउने, सोचमा परे तर गुरु दक्षिणा दिने अठोटबाट पछि हटेनन् । उनी राजा रघु महादानी राजा हुन् भन्ने थाहा पाएपछि उनी कहाँ गएर गुरु दक्षिणाको कुरा गरे । रघुले दानादि कार्यमा खर्च गरेर राज्यकोष शून्य पारेका थिए, आफू माटोको भाँडोमा पकाउने, खाने गर्दथे । तैपनि कौत्सका लागि उनी कुबेरको राज्यमा आक्रमण गरेर स्वर्ण मुद्रा ल्याउन आफ्नो शस्त्रास्त्रले सुसज्जित रथ तयार पारे र राति त्यहीं सुते । बिहानै कुबेरको राज्यमा आक्रमण गर्न जान्छु भनेको उनी बिहान हुँदासम्म सुतिरहे ।

एउटा सैनिक दगुर्दै आएर राजा रघुलाई उनको दरबारमा स्वर्ण वर्षा भएको समाचार दियो । राति कुबेरले रघुको योजना र योजनाको कारण थाहा पाएपछि उनको दरबारमा स्वर्ण वर्षा गराएका थिए । राजाले हेरे त्यहाँ १५ कोटीभन्दा पनि धेरै स्वर्ण मुद्रा छन् । उनले कौत्सलाई सबै स्वर्ण मुद्रा लग्न आग्रह गरे तर कौत्सले गुरु दक्षिणालाई चाहिने १५ कोटी स्वर्ण मुद्रा लिएर गुरु दक्षिणा दिन गएका थिए । गुरुकुलबाट निस्केका शिष्यहरू बेरोजगार हुन पर्दैन्थ्यो किनकि त्यहाँ १४ विद्या र ६४ कला सिकाइन्थ्यो । १४ विद्यामा, चार वेद, चार उपवेद, अर्थशास्त्र, राज्य शिल्प, आर्थिक नीति र सैन्य रणनीति, धनुर्वेद, गन्धर्ववेद जसमा रंगमञ्च, नृत्य र संगीत हुन्छ, आयुर्वेद अर्थात् जीवनको विज्ञान, वेदांग जसमा संस्कृतको ध्वनात्मक विज्ञान र स्वरविज्ञान जसको उद्देश्य सही वैदिक भजन तथा मन्त्रहरूका लागि सही उच्चारणको ज्ञान दिनु, व्याकरण, निरुक्त जसमा व्युत्पत्ति कला, यसमा शब्दको अर्थ निकाल्ने सूत्र हुन्छ छन्द, ज्योतिष यो तीन शाखाहरू मिलेर बनेको छ, पारम्परिक खगोल विज्ञान, संहिता, मेदिनी ज्योतिष जसमा युद्ध, भूकम्प, राजनीतिक घटनाहरू, वित्तीय स्थिति, निर्वाचनजस्तो साधारण पारगमन घटनाहरूको देशको चिना हेर्ने ।

६४ कलाहरू धातु शाधन जसमा विभिन्न धातुहरूलाई मिश्रण र अलग गर्ने कला, वास्तु विद्या जसमा भवन निर्माण कला, शुकसारिका जसमा सुगा मैनाको भाषा बुझ्ने कला, छन्द तथा अभिधान कोष, छल विद्या जसमा चलाखीले मानिसलाई, फसाउने कला, वस्त्र गोपन जसमा वस्त्र सिलाउने कला, जलतरंग जसमा पानीले भरिएका भाँडाबाट संगीतको सृजना गर्ने कला, शैय्या रचना जसमा ओछ्यान सजाउने कला, चित्रकला, अभिनय, पानक रस जसमा पेयजल र मदिरा बनाउने कला, दुर्वाचः जसमा निश्चितरूपमा कठिन शब्दको अर्थ निकाल्ने कला, आकर ज्ञानः जसमा निधि र खनिजको ज्ञान कला, वृक्षायुर्वेद जसमा बगैंचा, कुञ्ज सजाउने र बोटबिरुवाहरूमा लाग्ने रोगको विद्या पर्दथे ।

यसैगरी पट्टिका वेत्रवाण कला जसमा ओछ्यानको लागि कपडा बुन्ने कला, अनुशासनिक कला जसमा विनयशीलता र सभ्यताको ज्ञान, व्यायाम विद्या, विजय कौशल कला, बालक्रीडा कर्म जसमा बच्चाहरूलाई मनोरञ्जन गर्ने कला, पाक (विपाक कला अर्थात् खाना पकाउने कला, पुस्तक वाचन कला, भाषा ज्ञान जसमा अनेक भाषा देश विदेशको भाषा ज्ञान, प्रहेलिका अर्थात् कुटज्ञान, गाउँखाने कथा कला, कौचुमार जसमा कुरूप वा विकृत मानिसको अनुहारमा लालित्य र चारुता ल्याउने कला, प्रतिमाला अर्थात् अन्ताक्षरीमा योग्य ज्ञान, हस्तलाघव अर्थात् हातले शिल्पकला बनाउने कला, आकर्षण कला अर्थात् अरूलाई आकर्षित गर्ने कला पर्थे ।

काव्य समस्यापूर्ति कला अर्थात् आधा छोडिएको कवितालाई पूरा गर्ने कला, मणिभूमिका कला अर्थात् भूमिमा मणिहरूले रचना गर्ने कला, धारण मातृका अर्थात् प्राज्ञ शक्ति कला, सम्पाठ्य कला अर्थात् अरूको बोलीको नक्कल गर्ने विद्या, अत्तर विकल्प अर्थात् फूलहरूद्वारा अत्तर बनाउने कला, यन्त्रमात्रिका कला अर्थात् विभिन्न यन्त्रहरूको निर्माण गर्ने कला, गन्धयुक्ति कला अर्थात् सुगन्धित लेप र चूर्ण बनाउने कला, द्युत क्रीडा अर्थात् जुवा खेल्ने कला, क्रिया विकल्प कला अर्थात् मालसामानको प्रभावलाई बदल्ने कला, मानसी काव्य क्रीडा कला अर्थात् त्वरित काव्य रचना कला, आभूषण कला अर्थात् सुन चाँदी मोती रत्नले शरीरलाई सजाउने कला, केशशेखर कला अर्थात् किरिट, मुकुट र फूलहरूले कपाललाई सिँगार्ने कलाको ज्ञान गराइन्थ्यो ।

मेष कुक्कुट लावकः कला अर्थात् कुखुरा, भेडा, सर्प, न्याउरी मुसा लडाउने कला, माल्यग्रथन कला अर्थात् चुल्ठो, माला, तोरण, हार बनाउने कला, विशेष कच्छेद ज्ञान अर्थात् निधारमा लगाउने तिलकहरूको ढाँचा तयार गर्ने कला, मणिराग कला अर्थात् वर्ण, रंगले रत्नको पहिचान गर्ने कला, पुष्प शकटिका निमित्त ज्ञान अर्थात् स्वभाविक लक्षणले भविष्य बताउनु, तण्डुल कुसुमावली अर्थात् सेतो वर्णित चामल र फूलले चित्र वा रेखी बनाउनु, संगीत कला, नृत्य कला, केशमार्जन कला अर्थात् शिरमा तेलले मालिस गर्ने कला, उदकघातः अर्थात् जलविहार र रंगीन पानीले पिचकारी चलाउने कला, नेपथ्य कला अर्थात् मौसम अनुसार वस्त्राभूषणको चयन गर्ने कला पर्थे । पुष्पास्तरणः कला अर्थात् फूलहरूले कलाकृति गरेर ओछ्यान सजाउने कला, कर्णपत्रः कला अर्थात् पात र फूलहरूले कानको बालीहरू बनाउने कला, उत्सादनः कला अर्थात् शरीरमा तेल मालिस गर्ने कला, दंश वसन क्रिया अर्थात् दाँत, लुगा र तनलाई सजाउने कला, रत्नरौप्य परीक्षणः कला अर्थात् अमूल्य रत्न तथा विशेष धातुहरूको परीक्षण गर्ने कला, तुर्क कर्म कला अर्थात् चर्खा चलाउने वा चर्खाले धागो कात्ने कला, तक्षण कला अर्थात् काठमा कोरेर नक्सादि निकाल्ने कला, अक्षरमुष्टिका कथनः अर्थात् हातको मुट्ठीबाट सम्भाषण कला वा मुक कथनकला मानिन्थे ।

सूत्र सूचीकर्मः अर्थात् लुगा रफु गर्ने कला, म्लेछित कला विकल्पः अर्थात् विदेशी भाषाको ज्ञानको जानकारी हुने कला, माल्य गन्थ विकल्पः कला अर्थात् लुगाहरूका बारेमा विशेष ज्ञान राख्ने कला, मूर्तिकला जसमा रेतीले काठमा कलाकृति बनाउने, माटो, धातुहरूको मूर्ति बनाउने कला, इन्द्रजाल अर्थात् जादू, टुनामुना गर्न जान्ने कला, कायाकल्प कला अर्थात् वृद्ध व्यक्तिलाई युवा बनाउने वा आफ्नो कलाले युवाजस्तो देखिने बनाउने कला पर्दथे । श्रीकृष्णले सन्दीपनी ऋषिको गुरुकुलमा ६४ दिनमा १४ विद्या र ६४ कलाको ज्ञान प्राप्त गरी त्यसमा निपुण भएका थिए । उनीसँग बलराम र सुदामाले पनि यो ज्ञान प्राप्त गरेका थिए । जंगबहादुरको पालामा यशुकुलको जग राखियो राजा महेन्द्र र वीरेन्द्रले यसमा पिलर थपे गणतन्त्रवादीले पूरै यशुकुलको भवन नै बनाएका छन् । अब हाम्रा सन्तति स्कुलमा होइन कि यशुकुलमा जाने गर्छन् । यदि यी सबैलाई विस्थापित गरी शिक्षामा प्राचीन गुरुकुल पद्धति लागु गरे आज हाम्रा युवाहरू बेरोजगार भई विदेशमा श्रमदास दासी भएर जानुपर्ने अवस्था आउने थिएन ।

जब सनातन धर्मका संरक्षक मानिने राजा त गुरुकुलका विरोधी थिए भने गणतन्त्रवादीहरू कसरी गुरुकुल पक्षधर हुन सक्छन् ? नेपाली जनताको ४० प्रतिशतभन्दा बढी संख्या विदेशी नागरिकहरूले भरिएका छन् जसलाई नेपालप्रति माया हुने कुरै भएन तब जनताले कसरी गुरुकुल पद्धतिप्रति आवाज उठाउलान् र ? तैपनि वास्तविक नेपाली जनतामा आफ्नो प्राचीन धरोहरप्रति आस्था भए हाम्रो यशुकुलीय शिक्षा पद्धतिलाई समाप्त पारी गुरुकुलीय शिक्षा पद्धतिलाई लागू गर्न सकिन्थ्यो कि ? सनातन धर्म, संस्कृतिलाई माया गर्ने जनता नेपालमा कति छन् र ? सबै पश्चिमा कुसंस्कार तथा कुसंस्कृतिको गुलाम भइसकेका छन् ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : आत्मबलमा वृद्धि र सन्तुष्टि प्राप्त हुनेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।
**वृष** : फेसनमा धन खर्च बढ्नेछ । आफू कमजोर भएको अनुभूति हुनेछ ।
**मिथुन** : पहिरनले व्यक्तित्वमा निखार ल्याउनेछ । धार्मिक यात्राको योग छ ।
**कर्कट** : प्रतिष्पर्धामा सफल भइनेछ । कामहरू अगाडि बढ्नेछन् ।
**सिंह** : कार्य सम्पादनमा सहजता मिल्नेछ। सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।
**कन्या** : मन खिन्न हुने स्थिति आउनेछ। अनावश्यक झमेलामा परिएला ।
**तुला** : दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । स्वादिष्ट भोजन पाइनेछ ।
**वृश्चिक** : मनोरञ्जनमा सहभागी भइएला । बन्धुबाट सहयोग मिल्नेछ ।
**धनु** : प्रतिष्ठित काम गर्ने मौका छ । स्वादिष्ट भोजनको आनन्द पाइएला ।
**मकर**: चित्त दुख्ने समाचार सुन्नु पर्नेछ। आम्दानीभन्दा खर्च ज्यादा हुन सक्ने हुन्छ।
**कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।
**मीन** : परोपकारी कार्यमा संलग्न भइनेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

## कला मनोरञ्जन

# यस्तो छ ‘गाउँ आएको बाटो’को गीत ‘राई माइला’



नवीन सुब्बाको निर्देशनमा कमव्याक फिल्म ‘गाउँ आएको बाटो’को ‘राई माइला’ बोलको गीत सार्वजनिक भएको छ । श्रवण मुकारुङको शब्द, कालीप्रसाद बास्कोटाको संगीत रहेको गीतमा सुनिता थेगिमको स्वर छ ।

र दयाहाङ राई, पशुपति राई र बाल कलाकार प्रसन राईको अभिनय छ । गीतले फिल्मको कथा सार बुझाउन खोजेको हो । फिल्म बाबुछोरोको कथामा निर्माण भएको हो । बाबुछोराको स्नेही सम्बन्ध र खुसी त्यतिबेला संकटमा पर्छ, जतिबेला गाउँमा मोटर आइपुग्छ । योसँगै छोरा बिन्द्रे (प्रसन राई) र उसको बाबु माइला (दयाहाङ) वरपर फिल्मको कथा घुमेको निर्माण पक्षले जनाएको छ ।

आगामी शुक्रबारबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म २० वटाभन्दा बढी प्रतिष्ठित अन्तर्राष्ट्रिय महोत्सवहरुमा सहभागिता जनाइसकेको छ । ‘नुमाफुङ’ बनाएर प्रशंसा बटुलेका सुब्बाको यो तेस्रो फिल्म हो । उनले यसअघि ‘गुडबाई काठमाडौं’ बनाएका थिए । मेन्छ्याम फिक्चर्स र बाँसुरी फिल्मस्को संयुक्त ब्यानरमा निर्माण गरिएको फिल्मको निर्माता अमोद राई र निर्देशक सुब्बा हुन् । फिल्म्को पटकथा निर्देशनमा सुब्बाले महेश राईसँग सहकार्य गरेका छन् ।

फिल्मको अन्तर्राष्ट्रिय रिलिजको राइट्स सेभेन सिजले खरिद गरेको छ, भने कार्यकारी निर्माताामा सन्जु राई, देवराज राई, नरहाङ राई र भीम राई हुन् । *-रातोपाटी डटकम*

# फिल्म ‘शिरफूल’को ट्रेलर : मगर संस्कृतिको कथामा

मगर संस्कृतिमा आधारित फिल्म ‘शीरफूल’को ट्रेलर सार्वजनिक भएको छ । नाइस मिडिया नेटवर्कको ब्यानरमा निर्माण भएको फिल्मले मगर समुदायभित्र महिलाले भोग्नुपर्ने सामाजिक आयामको कथा भन्छ ।

आदिवासी जनजाति महिलाले पहिरिने गहनाको नाममा फिल्मको नामाकरण गरिएको छ । झण्डै २ मिनेट लामो ट्रेलरमा विवाह गरेर घरमा गैसकेपछि मगर समुदायकी युवतीले परिवार र संस्कारको नाममा कसरी आफ्ना इच्छा र आकांक्षासँग सम्झौता गर्नुपर्छ भन्ने कथा यसमा छ । फिल्मको शीर्ष भूमिकामा विनिता थापा मगर छिन् । गतवर्ष रिलिज भएको उनी अभिनित ‘हल्कारा’ ओस्कार अवार्डमा नेपालबाट सिफारिस भएको थियो । त्यसपछि यो उनको शीर्ष भूमिका रहेको फिल्म हो ।

‘शीरफूल’ गहनालाई विम्वको रुपमा निर्देशकले दर्शाउन खोजेको बुझ्न सकिन्छ । सार्वजनिक ट्रेलरमा सम्बन्धको कथासँगै मगर संस्कृतिका पाटालाई समेत चित्रण गरिएको छ ।

आधुनिकताले संस्कृतिमा पारेको प्रभावको कथा पनि यसमा समेटिएको छ । फिल्ममा रुपा राना, राज थापा, देवराज आले, सुनिल रोका, नमिता तामाङ, पुजा गदाल, लीला गुरुङ, नीता पुन, किरण मगरजस्ता सहायक कलाकारको समेत अभिनय छ । पटकथा राज थापाले लेखेका हुन् । आशिर्वाद पुन मगर र माया छन्त्याल पुनको लगानीमा फिल्म निर्माण भएको हो ।

फिलममा मरिस्का पोखरेलको केमियो रोल छ । पछिल्लोपटक ‘चपली हाइटपुनको लगानीमा बनेको चलचित्रको पटकथा संवाद राज थापा र राजु युगिनले लेखेका हुन् ।

फिल्ममा मरिश्का पोखरेलको केमियो रोल छ । विवाह गरेर श्रीमानसँगै अष्ट्रेलिया गएपछि मरिश्का फिल्मबाट टाढिएकी छन् ।

*-अनलाइनखबर डटकम*

FEED THE FUTURE
The U.S. Government's Global Hunger & Food Security Initiative

## फिड द फ्युचर नेपाल युएसएआईडी एग्रीकल्चरल इनपुट्स

### अनुदान कोषको अवसरबारे सूचना
### (Notice of Funding Opportunity)

युएसएआईडीको आर्थिक सहयोगमा फिड द फ्युचर नेपाल युएसएआईडी एग्रीकल्चरल इनपुट्स नेपालमा संचालित फिड द फ्युचर नेपाल अन्तर्गतको पाँच वर्षीय कार्यक्रम हो । यस कार्यक्रमले कृषि सामग्री र प्रविधिको उपलब्धता, पहुँच र प्रयोगमा वृद्धि गरी नेपालको कृषि क्षेत्रको उत्पादकत्व र उत्पादनमा सुधार ल्याउन टेवा पुऱ्याउँदछ ।

युएसएआईडी एग्रीकल्चरल इनपुट्सले वार्षिक कार्यक्रम विवरण (अनुदान कोषको अवसरबारे सूचना) सार्वजानिक गर्दै अवधारणा पत्र (Concept Note) पेश गर्नको लागि योग्य तथा अनुभवी आवेदकहरूलाई आह्वान गर्दछ । वार्षिक कार्यक्रम विवरणबारे विस्तृत जानकारी तथा अन्य आवश्यक कागजातका लागि https://drive.google.com/drive/folders/1WxRAx5U4rHA8F8-QWBcN8Tw1FRGSgl85 मा हेर्न सकिनेछ । वार्षिक कार्यक्रम विवरण जारी गरेको मितिदेखि एक वर्षसम्म लागु हुनेछ । अवधारणा पत्रहरू समिक्षाको लागि साउन १६, २०८१ (July 31, 2024), असोज २९, २०८१ (October 15, 2024), पुष १६, २०८१ (December 31, 2024) सम्म पेश गर्न सक्नुहुनेछ । ईच्छुक आवेदकहरूले आफ्ना **अवधारणा पत्र, संस्थाको लेखापरिक्षण रिपोर्ट, संस्था धनि/बोर्ड अध्यक्षको नागरिकताको प्रतिलिपी र संस्था दर्ता तथा नविकरणको कागजातहरू** **Grants.Aginputs@winrock.org** मा ईमेल मार्फत पेश गर्न सकिनेछ।

अवधारणा पत्रहरूलाई क्रमैसँग मूल्याङ्कन गरिने हुँदा आवेदकहरूलाई यथाशिर्घ आवेदन दिन प्रोत्साहन गर्दछौं ।

समुदायको समृद्ध विविधतालाई स्वीकार गर्दै हामी सबै पृष्ठभूमि, अनुभव र दृष्टिकोणहरू भएका आवेदकहरूलाई अवधारणा पत्र पेश गर्नको लागि प्रोत्साहन गर्दछौं ।

कृषि क्षेत्रमा काम गर्ने नि जी क्षेत्रका संस्थाहरूलाई आवेदन दिन उच्च प्रोत्साहन गर्दछौं ।

www.feedthefuture.gov

USAID
अमेरिकी जनताबाट

# ‘लण्डन टू पेरिस’मा ‘लभ गुरु’ कबीर



हिरोको परम्परागत मानकमा अटाउँछन्, कबीर खड्का । उनको लुक्स चकलेटी छ । कद अग्लो छ । यसैले त लभस्टोरी फिल्ममा उनी रोजाईमा परिरहेका छन् । करिब ७ वर्षअघि प्रदर्शनमा आएको ‘लम्फू’बाट डेब्यु गरेका उनी यसपछि ‘गुञ्जन’ र ‘एक भगवत् र एक गीता’मा देखिए । अब उनको चौँथो फिल्म ‘लण्डन टू पेरिस’ यही जेठ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ ।

ट्रेलर हेर्दा कबीरको पात्रले साथीलाई प्रेम गर्न सिकाइरहेको देखिन्छ । यसैले उनी आफ्नो पात्रलाई ‘लभ गुरु’ भन्न रुचाउँछन् । उनी भन्छन्, ‘फिल्ममा म निश्चल खड्का ( मुख्य अभिनेता)को मिल्ने साथी हुँ । एकहिसाबले उसको ‘लभ गुरु’ हुँ । यो फिल्म गर्दा मैले पनि डेब्यु नै गरिरहेको छु भन्ने महसुस भएको थियो ।’ फिल्मको चरित्र आफ्नो लागि एकदमै चुनौतीपूर्ण रहेको उनको अनुभव छ । ‘चरित्रको ‘एसेन्स’, ‘डिक्सन’हरुलाई समात्न मलाई चुनौतीपूर्ण नै भयो । त्यसले गर्दा अहिलेसम्म गरेकामध्ये चुनौतीपूर्ण चरित्र लाग्यो,’ विदेशमा बोल्ने लवज समात्न गाह्रो भएको अनुभव सुनाउँदै उनी भन्छन्, ‘मेरो लागि यो नयाँ अनुभव थियो । मलाई भित्रैबाट गाह्रो लागेको चरित्र थियो । विशेषगरी लवजमा काम गाह्रो भएको थियो । बाहिर बस्ने मान्छेको लवज अर्कै हुन्छ, त्यो समात्न गाह्रो भयो ।’ कबीरलाई फिल्ममा निभाएको चरित्र आफ्नो स्वभावसँग पनि केही मिल्छ भन्ने लाग्छ । ‘म अन्तर्मुखी स्वभावको छु तर पनि अरुलाई सल्लाह-सुझाव दिन रुचाउँछु । यसैले मैले चरित्रको हिसाबले भन्दा पनि आफैं बनेर सल्लाह-सुझाव दिइरहेको हुन्थेँ । मेरो चरित्रमा ‘युथ’ले ‘रिलेट’ गर्नुहुन्छ भन्ने लाग्छ,’ उनले भने । फिल्ममा प्रेम र मित्रताको कथा रहेकाले युवापुस्तालाई मनपर्ने उनको विश्वास छ । पहिलो फिल्म ‘लम्फू’ गरेपछि उनलाई आफू टुहुरोजस्तो महसुस भएको रहेछ । किनकि, उनलाई फिल्म क्षेत्रमा जन्माउने मेकरहरु त्यसपछि सक्रिय भएनन् । उनी भन्छन्, ‘त्यो बेला मैले राम्रो मेकरको फिल्ममा आवद्ध हुन पाएँ । तर, त्यसपछि टुहुरो बालकजस्तो भएँ । उहाँहरु फिल्म क्षेत्रमा सक्रिय नहुँदा मलाई अलि गाह्रो भएको थियो । तर पनि आफैं तातेताते गर्दै यहाँसम्म आइपुगेको छु ।’ *-फिल्मीखबर डटकम*

# ‘पूर्ण बहादुरको सारङ्गी’को मुख्य भूमिकामा विजय बराल



चलचित्र ‘पूर्ण बहादुरको सारङ्गी’को मुख्य भूमिकामा विजय बराल अनुबन्ध भएका छन् । मुख्य भूमिकामा विजय अनुबन्द भएसँगै सिनेमाको लाइनअप पूरा हुने क्रममा छ । निर्माणपक्षले विजयसँगै बुद्धि तामाङ, प्रकाश सपूत, मुकुन भुसाल, विनोद न्यौपाने, कलाकार भोलाराज सापकोटा र देशभक्त खनाल अनुबन्ध भइसकेका छन् ।

गन्धर्व परिवारको कथामा आधारित ‘सोसल ड्रामा’को नायिकामा अञ्जना बराइली छन् । बालकलाकारमा जान्भी पौडेल र स्वायम केसीको अभिनय रहनेछ । यही साता छायांकनमा जाने तयारी रहेको चलचित्रलाई सरोज पौडेलले निर्देशन गर्दैछन् । चलचित्रका लेखक पनि उनी स्वयं हुन् । विनोद पौडेल र प्याट्रिक सुवेदीको लगानी रहने चलचित्रको रमेश चौलागाईं र हरि श्रेष्ठ कार्यकारी निर्माता हुन् । महेश दवाडीको पटकथा तथा संवाद रहने चलचित्रमा प्रशान्त सिवाकोटीको संगीत रहनेछ ।

*-बाह्रखरी डटकम*

# अनु चौधरीको स्वरमा ‘बहुरानी’ सार्वजनिक



केही वर्षयता नेपालीले पनि हिन्दी गीत निर्माण गर्ने क्रम बढ्न थालेको छ । यस्तैमा गीतका प्रमिला बस्नेतको शब्द तथा शंकर थापा ‘स्माइल’ को संगीतमा हिन्दी गीत ‘बहुरानी’ सार्वजनिक भएको छ ।

समाजमा घटेका र भइरहेका विभिन्न घटनाहरुलाई समेटेर गीत लेखिएको गीतकार प्रमिला बस्नेतले बताइन् । एउटा बुहारीको भूमिका परिवारमा धेरै महत्वपूर्ण हुँदाहुँदै पनि बुहारीहरुले भोग्न पर्ने समस्या लाई अलिकति भएपनि मलम लगाउने प्रयास स्वरुप बहु निमार्ण गरिएको छ। एउटी बुहारी पनि कसैकी छोरी हो । त्यही छोरी बुहारी भएर कसैको घरमा जाँदा त्यो त काम गर्ने मिसिन बन्न पुग्छिन् भन्ने सन्देश गीतमा रहेको छ । अनु चौधरीको स्वर रहेको गीतमा विश्व अधिकारीको एरेन्ज छ । गीतको भिडियो लाई आकर्षक ढंगबाट खिचिएको छ । केशवराज भट्टको निर्देशन रहेको भिडियोमा भिडियोमा रिमा विश्वकर्मा , एलिसा शर्मा, सृष्टी सुब्बा, सम्राट अधिकारी, रश्मी श्रेष्ठ, राधिका थापा, प्रतिक्षा लिम्बु र दिपक भुर्तेल को अभिनय छ । भिडियोमा बुद्ध थापाको छायांकन, मिलन विश्वकर्माको सम्पादन छ ।

*-डिसी नेपाल डटकम*

# रामपुरका ज्येष्ठ नागरिकहरुलाई सम्मान सहित स्वास्थ्य परिक्षण



**रामपुर,** जेठ २२/नगरपालिकाले वरिष्ठ ज्येष्ठ नागरिकहरुको सम्मान सहित स्वास्थ्य परिक्षण गरेको छ । नगरपालिकाले नगर भित्रका ११ जना ज्येष्ठ नागरिकहरुलाई सम्मान सहित स्वास्थ्य परिक्षण र अभिमुखिकरण प्रदान गरेको हो । नगरपालिकाले प्रत्येक वडाबाट १/१ जना गरी ११ जना सबै भन्दा ज्येष्ठ नागरिकलाई सम्मान गरेको हो । ज्येष्ठ नागरिकहरुलाई छाता, दोसल्ला, थर्मस, सम्मान पत्र नगद सहित सम्मान गरेको हो ।

ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्दै ज्येष्ठ नागरिक महासंघका केन्द्रिय अध्यक्ष छत्र प्रधानले ज्येष्ठ नागरिकहरुलाई सरकारले प्राथमिकतामा राख्न आवश्यक रहेको बताए । सरकारले ज्येष्ठ नागरिकको लागि विभिन्न कानुनी व्यवस्था गरे पनि कार्यान्वयन पक्ष कमजोर रहेको बताए । 'राज्यले धेरै सुविधा दिने भने पनि ज्येष्ठ नागरिकले नपाउनु दु:खद पक्ष हो अध्यक्ष प्रधानले भने,- सबै अधिकार र सुविधा पाउनका लागि अब हामी आफै लाग्नुपर्छ । 'उनले ज्येष्ठ नागरिकको अधिकार सुनिश्चितता र सम्मानित जीवनयापनका लागि राष्ट्रिय नीतिमा परिमार्जन गर्न आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले ज्येष्ठ नागरिकहरुको सुरक्षित र सम्मानित जिवनका लागी रामपुर नगरपालिकाले छोराछोरीको भूमिका निर्वाह गर्ने बताए । उनले ज्येष्ठ नागरिकको अधिकार र सुरक्षित एवं सम्मानित जिवनका लागि नगरपालिका प्रतिबद्ध रहेको समेत बताए र साथै स्वतन्त्रपूर्वक र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने प्रतिबद्धता व्यक्त गरे । नगर प्रमुख थापाले नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरुलाई मध्यनजर गरेर यातायात र स्वास्थ्य सेवा सहितको ज्येष्ठ नागरिक स्कुल सञ्चालनको तयारीमा रहेको जानकारी दिए । उनले पछिल्लो समय समाजमा विकृति विसंगती व्याप्त रहेको भन्दै यसका लागि ज्येष्ठ नागरिकहरुसंग शिक्षा लिन आवश्यक रहेको उल्लेख गरे । यस्तै रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले नैतिक ज्ञानको अभावमा पछिल्लो समय अग्रज ज्येष्ठ नागरिकहरुलाई सम्मानजनक व्यवहार नहुनु दुखद रहेको बताइन् । साथै उनले सन्तानले सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रदान नगरे न्यायीक समितिको माध्यमबाट अधिकारको सुनिश्चितता गरिदिने बताईन् । ज्येष्ठ नागरिक महासंघका केन्द्रिय सदस्य सुर्य प्रसाद श्रेष्ठले ज्येष्ठ नागरिकको मर्म र भावना बुझ्न नसक्दा अपहेलनामा परेको बताए । ज्येष्ठ नागरिकको सुरक्षा र सम्मानका लागि सबैले ध्यान दिन आवश्यक रहेको पनि जानकारी दिईन् । यस्तै रामपुर नगरपालिकाका नगर प्रवक्ता एवं वडा नं.१ का अध्यक्ष कपिल बहादुर खाँणले ज्येष्ठ नागरिक समाजको मार्गदर्शक मात्र नभई सृष्टिकर्ता र सर्जक पनि भएको बताए । साथै हरेक क्षेत्रमा सहजता र सहुलियत प्रदान गर्नका लागि नगरका हरेक वडामा सहजिकरण गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा ज्येष्ठ नागरिक संघ पाल्पाका अध्यक्ष देवराज ढकालले ज्येष्ठ नागरिक देशको अमूल्य सम्पत्ति भएको भन्दै हेलामा परेका नागरिकको सुरक्षाका निम्ती सबै लाग्नु पर्ने बताए ।

कार्यक्रममा ज्येष्ठ नागरिक महासंघका केन्द्रिय सदस्य डाक्टर प्रेम शर्माले ज्येष्ठ नागरिकको अधिकार, राज्यले गरेको कानुनी व्यवस्था, सुविधा लगाएतका विषयमा सहजिकरण भएको थियो । कार्यक्रमका अवसरमा सहभागि ज्येष्ठ नागरिकहरुलाई टिका खादा सहित सम्मान गरिएको थियो । सोही अवसरमा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण गरी औषधी वितरण समेत गरिएको थियो । रामपुर नगरपालिकाको आयोजना र ज्येष्ठ नागरिक संघ पाल्पाको समन्वयमा भएको कार्यक्रम नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता र ज्येष्ठ नागरिक महासंघका केन्द्रिय अध्यक्ष छत्र प्रधानको प्रमुख आतिथ्यतामा सम्मपन्न भएको हो । नमस्ते पाल्पा होटलको सभाहलमा नगर उपप्रमुख बाल कुमारी थापाको स्वागतबाट शुरु भएको कार्यक्रम रामपुर नगरपालिका न्यायीक समिति सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा भएको थियो ।

# राष्ट्र बैंकले गर्‍यो भुक्तानी सेवा प्रदायकको खाता रोक्का

**काठमाडौं,** जेठ २२/नेपाल राष्ट्र बैंकले दुईवटा भुक्तानी सेवा प्रदायक संस्थाको बैंक खाता रोक्का गरेको छ । एक सूचना जारी गर्दै केन्द्रीय बैंकको भुक्तानी प्रणाली विभागले पेवेल नेपाल प्राइभेट लिमिटेड र सजिलो पे पेमेन्ट सर्भिसेज प्राइभेट लिमिटेडको सबै बैंक खाता रोक्का गरेको जानकारी दिएको हो ।

राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक यी दुई संस्थाबाट भइरहेको कारोबारहरु नियामकीय अनुपालना सम्बन्धी छानविनको क्रममा रहेको भन्दै खाता बन्द गरिएको जनाइएको छ । राष्ट्र बैंकद्वारा जारी सूचनामा भनिएको छ, पेवेल नेपाल प्राइभेट लिमिटेड अनामनगर र सजिलो पे पेमेन्ट सर्भिसेज प्राइभेट लिमिटेड, बालुवाटारबाट भइरहेका कारोबार नियामकीय अनुपालना सम्बन्धी छानबिनका क्रममा




रहेको हुँदा उपयुक्त संस्थाको बैंक तथा वित्तीय संस्थामा रहेका खाता अर्को निर्णय नभएसम्मका लागि रोक्का गरिएको छ ।

## खेलकुद समाचार

# अफगानिस्तानको सानदार जित



**काठमाडौं,** जेठ २२/आईसीसी टी-२० विश्वकप क्रिकेटमा अफगानिस्तानले विजयी सुरुवात गरेको छ । गुयान्डाको प्रोभिडेन्स मैदानमा मंगलबार बिहान भएको खेलमा अफगानिस्तानले यूगान्डालाई एक सय २५ रनको फराकिलो अन्तरले हराएको हो ।

टस हारेर पहिला ब्याटिङ गरेको अफगानिस्तानले दिएको एक सय ८४ रनको लक्ष्य पछ्याएको यूगान्डा १६ ओभरमा अलआउट भयो । उसका रोविन्सन ओवुयाले १४ र रियाजत अली शाहले ११ रन बनाउनु बाहेक अरुले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

अफगानिस्तानका फजहल हक फारुकीले ५ विकेट लिए । अफगानिस्तानले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय ८३ रन बनाएको थियो । उसका रहमान गुर्वाजले ७६ र इब्राहिम जद्रानले ७० रन बनाए ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## बिमालेख हराएको सूचना

यहि मिति २०८१/०१/१६ गतेका दिन **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**को घन ब. बुढाथोकीको नाममा जारी बिमा (पोलिसी) नम्बर १०००२६८८७ र तारा कुमारी बुढाथोकीको नाममा जारी बिमा (पोलिसी) नम्बर १०००२६९०६ को बिमालेख र अनिल बुढाथोकीको नाममा जारी बिमा (पोलिसी) नम्बर १०००२६९११ पाल्पाको ता.न.पा.-४, सिल्खानटोलबाट हरायको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** घन बहादुर बढाथोकी
**ठेगाना :** तानसेन-४, सिल्खान, पाल्पा
**सम्पर्क न :** ९८४७०२९०३३

## अर्थ/कर्पोरेट समाचार

# कारोबारसँगै बढ्यो सेयर बजार



**पाल्पा,** जेठ २२/मंगलबार सेयर कारोबार रकम सँगै परिसूचक नेप्से बढेको छ । अघिल्लो दिनको तुलनामा नेप्से ६.२२ अंक बढेको हो । यो वृद्धिपछि नेप्से २०८५ अंकमा अडिएको छ । अघिल्लो दिन ४ अर्बको कारोबर भएकोमा मंगलबार ४ अर्ब ८ करोडको भयो । १ सय २५ कम्पनीको मूल्य घट्दा १ सय १४ को बढ्यो भने ८ को स्थिर रह्यो ।

व्यापार समूह सबैभन्दा धेरै२.७ प्रतिशत (७९ अंक) बढ्यो । यस समूहमा जम्मा २ कम्पनी साल्ट ट्रेडिङ र विशाल बजार छन् । विशाल बजार कम्पनीको मूल्य स्थिर रहेर साल्ट ट्रेडिङको मूल्य ३ प्रतिशत बढेपछि समग्र समूह बढेको हो । बैंकिङ १, विकास बैंक २३, फाइनान्स ६, होटल तथा पर्यटन ५, जीवन बीमा ४८, उत्पादन ५२, माइक्रोफाइनान्स ६६ र निर्जीवन बीमा ५९ अंक बढे । अन्य ३ र हाइड्रोपावर समूह १५ अंक घटे । ग्लोबल आईएमई लघुवित्तको मूल्य १० प्रतिशत बढ्यो । नारायणी डेभलपमेन्ट बैंकको ८.२, माहुली लघुवित्तको ७.८, हिमालयन लघुवित्तको ७.८ तथा माथिल्लो मैलुङखोलाको मूल्य ७ प्रतिशत बढ्यो । बुद्धभूमि हाइड्रोपावरको ५.५ प्रतिशत घट्यो । इस्टर्न हाइड्रोपावरको ४.६८, गणपति लघुवित्तको ४.५, अपर लोहोरेखोलाको ३.८ प्रतिशत मूल्य घट्यो । कारोबार रकमका आधारमा सीईडीबी हाइड्रोपावर, नेपाल फाइनान्स, एनआरएन इन्फ्रास्ट्रक्चर, युनाइटेड अजोड इन्स्योरेन्स र ग्लोबल आईएमई लघुवित्त क्रमश अगाडि रहे ।

## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं, बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई